म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८
बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्षः१४ अङ्कः- २५५ २०८० साउन २५ गते बिहीबार 10 August 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## वडाले विद्यार्थीको यातायात खर्च व्यहोर्ने

हेटौँडा: विश्वविद्यालय तहको शिक्षा आर्जन गर्ने वडाका विद्यार्थीलाई यातायात खर्चकै कारण नियमित पठनपाठनमा समस्या हुने अवस्था भए वडा कार्यालयले यातायात खर्च व्यहोरिदिने भएको छ । हेटौँडा उपमहानगर पालिकाको १८ नम्बर वडा कार्यालयले बुधबार एक सूचना जारी गर्दै हेटौँडा बजार क्षेत्रमा रहेका क्याम्पसमा विश्वविद्यालय तहको शिक्षा हासिल गर्ने विद्यार्थीका लागि यस्तो कार्यक्रम ल्याइएको जनाएको छ । वडाका स्थायीवासीले वडामा निवेदन दिन वडाले आव्हान गरेको छ । वडाभित्रै क्याम्पस नभएको अवस्थामा विश्वविद्यालय तहको शिक्षा हासिल गर्न वडा भन्दा टाढा जानुपर्ने बाध्यात्मक अवस्थामा आर्थिक अभावकै कारण शिक्षाबाट बञ्चित हुन नपरोस् भनी सहयोगको योजना ल्याएको वडा अध्यक्ष अनिल कुमार बानियाँले जानकारी दिनुभएको छ ।

### प्रदेश प्रहरीको वार्षिक समीक्षा र योजना

## गाँजा/अफिमको विकल्पमा कफी, हिरासत कक्षमा पुस्तकालय



*मातहतका प्रहरी कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्नुहुँदै प्रदेश प्रहरी प्रमुख राणा ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले गत आर्थिक वर्षको प्रगति विवरण र चालु आर्थिक वर्षको कार्ययोजनाका बारेमा जानकारी गराएको छ । प्रदेश प्रहरी कार्यालयले बुधबार पत्रकार सम्मेलन गरेर माथिल्लो निकायसँग भएको कार्यसम्पादन सम्झौताअनुसार लक्ष्य हासिल गर्ने गरी मातहतका कार्यालयसँग कार्यसम्पादन सम्झौता गरिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक दीपक रेग्मीले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा गाँजा तथा अफिम जस्ता लागुऔषध प्रभावित क्षेत्रमा वैकल्पिक खेतीको रुपमा कफि खेतीलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको रेग्मीले बताउनुभयो। प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणाको उपस्थितिमा भएको पत्रकार सम्मेलनमा वरिष्ठ प्रहरी उपरीक्षक रेग्मीले गैरसरकारी संस्थासँगको सहकार्यमा ५ लाख कफीका बिरुवा वितरण गरी व्यावसायिक कफी खेती प्रवर्द्धन गरी लागुऔषध खेतीलाई न्यूनीकरण गर्दै लैजाने बताउनुभयो । वार्षिक प्रगति विवरण प्रस्तुत गर्नुहुँदै प्रहरीको सक्रियताले प्रहरी कार्यालयमा मुद्दाको संख्या बढेको रेग्मीले दावी गर्नुभयो।

प्रहरीले गत आर्थिक वर्षमा भन्सार छली गरी भित्र्याइएका १८ करोड १० लाख रुपैयाँ बराबरको सामग्री नियन्त्रणमा लिएको जानकारी दिनुभयो। गत आर्थिक वर्षमा बागमती प्रदेशबाट प्रहरीले ८ हजार ३ सय ८२ केजी गाँजा, ३८ हजार इन्जेक्सन लागुऔषध बरामद गरेको जनाएको छ। प्रहरीले अघिल्लो आर्थिक वर्षको तुलना गतवर्षदुई गुणा बढी अफिम खेती फँडानी गरेको छ। प्रदेशका २ सय ६७ जना प्रहरी कारवाहीमा पर्दा १ हजार ७६ जना प्रहरी पुरस्कृत भएका छन् । प्रहरीले २६ जनालाई वन्यजन्तु, अखेटोपहार, जडिबुटीसहित पक्राउ गरेको जनाएको छ । दुर्घटनामा परी अघिल्लो आर्थिक वर्षमा ४ सय १३ जनाको मृत्यु भएकोमा गत आर्थिक वर्षमा २ सय ९९ जनाको मृत्यु भएको रेग्मीले जानकारी दिनुभयो। ट्राफिक प्रहरीले गत आर्थिक वर्षमा २ लाख ९१ हजार वटा सवारी साधनलाई कारबाही गर्नुका साथै २६ करोड ३६ लाखरुपैयाँ जरिवाना राजस्व सङ्कलन गरेको छ।

चालु आर्थिक वर्षका लागि प्रदेश प्रहरी कार्यालयले बुधबार नै मातहतका १४ वटा प्रहरी कार्यालयसँग कार्यसम्पादन सम्झौता गरेको छ। चालु आर्थिक वर्षमा प्रदेश प्रहरीले सिन्धुली जिल्लामा र मकवानपुर जिल्लाको रातोमाटेमा डिजिटल सिसिटिभी निगरानी गर्ने योजना बनाएको छ। १८ वटा हिरासत कक्षमा पुस्तकालय स्थापना गर्ने योजना बनाएको प्रदेश प्रहरी कार्यालयले मासिक रुपमा मातहतका कार्यालय प्रमुखसँग भर्चुअल बैठक गर्नुका साथै त्रैमासिकरुपमा भौतिक उपस्थितिमै बैठक गर्ने योजना बनाएको वरिष्ठ प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो । सुरक्षा व्यवस्थामा सुधार गर्न चितवन, नुवाकोट र काभ्रे जिल्लास्थित प्रहरी कार्यालयमा स्मार्ट कन्ट्रोल रुम स्थापना गरिने बताइएको छ । केही समयअघि मकवानपुर जिल्लामा स्मार्ट कन्ट्रोल रुम स्थापना गरिएको थियो ।

यस्तै प्रादेशिक प्रहरी अस्पताल तथा विधि विज्ञान प्रयोगशाला निर्माणको कार्यलाई अगाडि बढाउने योजना पनि रहेको उहाँले बताउनुभयो। प्रहरी अस्पताल तथा विधि विज्ञान प्रयोगशाला निर्माणका लागि बागमती प्रदेश सरकारले ३ करोड बजेट उपलब्ध गराएको छ । सिन्धुली जिल्लामा अत्याधुनिक सुरक्षा चेकपोष्ट निर्माण गर्न प्रदेश सरकारको २ करोड बजेट उपलब्ध गराएको जानकारी दिनुहुँदै रेग्मीले भन्नुभयो, “अत्याधुनिक सुरक्षा चेकपोष्ट निर्माणका लागि जग्गा व्यवस्थापन गर्न बाँकी छ । हामी छिट्टै जग्गा व्यवस्थापन गरेर भवन निर्माणको प्रक्रिया अगाडि बढाउने छौं ।” प्रदेशभर आत्महत्याको मुद्दा बढेको विषयमा पनि प्रदेश प्रहरी कार्यालयले चिन्ता व्यक्त गरेको छ ।

### बागमती पहिरो घटना

## थप ३ जनाको शव बरामद, २ जना अझै बेपत्ता

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती गाउँपालिकामा मंगलबार बिहानको पहिरोमा परी हराइरहेका ३ जनाको शव बरामद भएको छ। बुधबार ३ जनाको शव बरामद भएसँगै मृत्यु हुनेको संख्या ४ पुगेको छ। पहिरोमा परी २ जना अझै बेपत्ता छन् । एकजनाको जिवितै उद्दार गरिएको छ ।

मंगलबार बिहान ४ बजेको समयमा बागमती गाउँपालिका-५, सिक्रे दोभानमा अक्कलबहादुरको घर भलसहितको पहिरोले बगाउँदा ७ जना बेपत्ता भएका थिए। मंगलबार बिहानै ५५ वर्षीया सन्तमाया स्याङ्तानलाई स्थानीयले उद्दार गरी उपचारका लागि अस्पताल पुर्‍याएको थियो । गम्भीर घाइते सन्तमायाको उपचारको क्रममा मृत्यु भएको थियो भने ६ जना बेपत्ता थिए । बुधबार ३ जनाको शव बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मकवानपुर प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक टकेबहादुर कार्कीका अनुसार बुधबार बिहान ९ बजेर १० मिनेटको समयमा सिन्धुली जिल्लाको हरिहरपुर गाउँपालिका-१, कोकरेस्थित बागमती खोलाको बीच बगरमा २२ वर्षीय शिला पहरी मृत अवस्थामा फेला परेको थियो । यस्तै बुधबार दिउँसो १ बजेर ४० मिनेटको समयमा सिन्धुली जिल्लाको हरिहरपुर गाउँपालिका-१ कोकरेस्थित बागमती खोलाको बीच बगरमा ६० वर्षीय अक्कल बहादुर स्याङ्तान मृत अवस्थामा फेला परे । यस्तै बुधबारै साँझ ६ बजेर ४८ मिनेटको समयमा सिन्धुली जिल्लाको हरिहरपुर गाउँपालिका-३, बनौलीस्थित बागमती खोलाको किनारमा ८ महिनाकी शिशु दिव्या पहरी मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। पहिरोमा परेर अझै २ जना हराइरहेको प्रहरीले जानकारी दिएको छ। २५ वर्षीय जीवन पहरी र ४ वर्षीय मिलन पहरी अझै बेपत्ता रहेको र खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ। पहिरोमा परी घाइते भएका १७ वर्षीय पासाङ घिसिङको भने मंगलबार दिउँसो ४ बजेतिर उद्दार गरिएको थियो । घिसिङको हेटौँडामा उपचार भइरहेको छ ।

## ग्रेडवृद्धि परीक्षाका लागि ४ वटा केन्द्र



फाईल तस्वीर ।

समाज संवाददाता

हेटौँडाः भोलि शुक्रबार र पर्सी शनिबार दुई दिन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) अन्तर्गत ग्रेडवृद्धि मौका परीक्षाका लागि मकवानपुर जिल्लामा ४ वटा परीक्षा केन्द्र तोकिएको छ । हेटौँडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय र बालजागृति इंग्लिस सेकेण्डरी बोर्डिङ स्कुललाई परीक्षा केन्द्र तोकिएको छ।

भूटनदेवी मावि परीक्षा केन्द्रबाट ३ सय ७ जना, आधुनिक राष्ट्रिय मावि परीक्षा केन्द्रबाट २ सय ९७ जना, सिद्धार्थ मावि परीक्षा केन्द्रबाट २ सय ९४ र बालजागृति इङलिस बोर्डिङ स्कुल परीक्षा केन्द्रबाट २ सय ७० जना गरी एक हजार एक सय ६८ जनाले परीक्षा दिनेछन् । परीक्षाको केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई तोकिएको छ।

परीक्षाको आवश्यक सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बललाई पत्राचार गरिएको शिक्षा विकास तथ समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले जानकारी दिनुभयो । यस्तै उत्तरपुस्तिका समेत सम्बन्धित परीक्षा केन्द्रमा पुगिसकेको छ। ग्रेड सी वा सो भन्दा कम कम ग्रेड प्राप्त भएका दुई वटा विषयको ग्रेडवृद्धि परीक्षा दिन पाउने। कुनै दुई विषयमा अनुपस्थित भए पनि मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको छ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### हेटौंडा उपमहानगरको कार्यपालिका बैठक

## शिक्षा इकाई भवन खाली गराउने निर्णय

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाको ३० औं कार्यपालिका बैठक बुधबार बसेको छ । बुधबार बसेको कार्यपालिका बैठकले विभिन्न निर्णयहरु गरेको छ । उपमहानगरपालिकाको कार्यपालिका बैठकले हेटौंडा-२ स्थित सिद्धार्थ मावि परिसरको भवनमा सञ्चालनमा रहेको शिक्षा विकास तथा समन्वय इकाई खाली गराउन पत्राचार गर्ने निर्णय गरेको हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिनुभयो ।

विगतमा कार्यालय सञ्चालनका लागि इकाईले लिएको भवन सिद्धार्थ माविले नै प्रयोग गर्ने मौखिक सहमति भए पनि कार्यपालिका बैठकबाट खाली गराउने निर्णय भएको हो । प्रवक्ता न्यौपानेले शिक्षा विकास तथा समन्वय इकाईको भवन खाली गराउन भनिए पनि इकाईको कार्यालयको व्यवस्थापनको विकल्प के हुने भन्ने स्पष्ट छैन । प्रवक्ता न्यौपानेले उक्त भवनमा वडा कार्यालय राख्न सकिने सम्भावना रहेको बताउनुभयो। यस्तै बैठकले आर्थिक वर्ष २०८०/०८१ को लागि कायम हुने स्थानीय दररेट विश्लेषण स्वीकृत गरेको छ। जिल्लाको दररेटअनुसार नगरमा सहज हुने तवरले दररेट स्वीकृत गरिएको न्यौपानेले जानकारी गराउनुभयो ।

नगरको बजेटबाट हुने २० लाखभन्दा बढीका परियोजनाहरुमा कन्टिन्जेन्सी (व्यवस्थापनवापत लाग्ने खर्च) २ प्रतिशत कटौती गर्ने निर्णय गरेको छ । बैठकले खर्च केन्द्रसम्बन्धी जनशक्ति व्यवस्थापनका लागि प्रतिबद्धता गर्ने निर्णय गरेको छ । कामको भुक्तानी लिन नगरपालिका नै आउनुपर्ने बाध्यता हटाउन नगरले २ वडाबापत एक लेखाको कर्मचारी पठाउने निर्णय गरेको हो ।

यस्तै, बैठकले २०७३ साल फागुनसम्मको नगरपालिकामा रहेको साविक नगरपालिकाबाट १ देखि ११ वडासम्मको सिफारिस ढड्डाहरु प्रत्येक वडामा पठाउने निर्णय गरेको छ। बैठकले नगरपालिकामा रहेका करारमा कार्यरत कार्मचारीहरुको स्थायी कर्मचारीसरह बिमा गर्ने निर्णय गरेको छ । नगरपालिकाको आवधिक योजनाको कार्यदल गठनको लागि सैद्धान्तिक सहमति भएको छ ।

यस्तै, बैठकले हेटौंडा उपमहानगर पालिकाका सवारी चालक सञ्जु लोप्चनको परिवारलाई ५ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । गत साउन १४ गते उपमहानगरपालिकाको अधिकारीहरुको अवलोकन भ्रमणका क्रममा पूर्वी नेपालको इलाम जिल्लामा लोप्चनको निधन भएको थियो।



## सम्पादकीय

# सुर्तीजन्य पदार्थको नियमन

सुर्तीजन्य पदार्थको उत्पादन, बेचबिखन र प्रयोगलाई व्यवस्थित गर्ने उद्देश्यले २०६८ सालको सुरुवातमै सरकारले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन लागू गरेको थियो । उक्त ऐनमा भएका प्रावधानको प्रभावकारी कार्यान्वयन हुन नसक्दा ऐन प्रभावहीन बनेको छ । ऐनले सुर्तीजन्य पदार्थको बिक्री वितरण र सेवनलाई नियमन गर्न व्यवस्था गरेको प्रावधानविपरित हालसम्म पनि जुनसुकै स्थान र पसलबाट, जुनसुकै समयमा, जोसुकैले चुरोट, सुर्ती किन्ने र जहाँ पनि सेवन गर्ने परिपाटी कायमै छ । ऐनमा कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन भन्ने व्यवस्था छ । तर, हेटौंडा उपमहानगरपालिका क्षेत्रका अधिकांश विद्यालय, क्याम्पस तथा स्वास्थ्य संस्था वरपरका होटल तथा पसलमा सुर्तीजन्य पदार्थ बिक्री वितरण र सेवन भइरहेको छ ।

हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको तयारीको क्रममा प्रत्येक शैक्षिक तथा स्वास्थ्य संस्थाको एक सय मिटरभित्र सुर्तीजन्य पदार्थको बेचबिखन गर्न नपाइने सूचना टाँस गरिएको छ । उपमहानगरपालिकाले निषेधित क्षेत्रमा सुर्तीजन्य पदार्थ बिक्री वितरण नगर्न बारम्बार सूचना जारी गर्नुका साथै सचेत गराउँदै आएको छ । उपमहानगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमनसम्बन्धी ऐन २०७८ मा पनि तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे गराएमा २ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरिएको छ । तर, उपमहानगरपालिका निषेधित क्षेत्रमा सुर्तीजन्य पदार्थको बेचबिखन एवम् सेवनमा रोक लगाउन असफल भइरहेको छ । उपमहानगरपालिकाको नेतृत्वले सार्वजनिकरुपमै सुर्तीजन्य पदार्थको नियमन गर्ने उद्घोष गरे पनि त्यसको कार्यान्वयन हुन नसक्दा विकृतिसमेत बढ्दै गएको छ ।

हेटौंडा उपमहानगरपालिकाले विद्यालय, अस्पताल र सरकारी कार्यालय आसपासमा सुर्तीजन्य पदार्थ बिक्री वितरणबारे अनुगमन गरिरहेको बताउने गरेको भए पनि सुर्तीजन्य पदार्थ बिक्री वितरण रोकिएको छैन । १८ वर्षमुनिका बालबालिकालाई सुर्तीजन्य पदार्थ बिक्री गर्न नपाइने कानुनी व्यवस्था भए पनि सिमित नाफाको लोभमा व्यवसायीले बालबालिकालाई समेत निर्वाधरुपमा सुर्तीजन्य पदार्थ बेचिरहेका छन् । विद्यालय तथा क्याम्पस वरपरका अधिकांश किराना पसल र चिया-खाजा खाने होटल चुरोट सेवन गर्ने उपयुक्त थलो बनेको छ । स्कूल तथा कलेजमा अध्ययन गर्ने बालबालिका तथा किशोरकिशोरीहरु विद्यालय पोशाकमै चुरोट सेवन गरेर बस्ने अवस्थालाई बेवास्ता गर्नु हुँदैन । सडक, होटल, पार्कलगायत सार्वजनिक स्थानमा चुरोटलगायत सुर्तीजन्य पदार्थ सेवन गर्न ऐनले निषेध गरेको भए पनि अधिकांश होटलमा खुलेआम चुरोट खाने र बेच्ने गरिएको पाइन्छ । आफ्नो व्यवसाय चलाउनकै लागि व्यवसायीले कानुनी व्यवस्था उल्लंघन गर्दा समस्या भइरहेको छ ।

सुर्तीजन्य पदार्थको उत्पादन, बेचबिखन तथा उपभोगमा उचित नियमन गर्न नसक्दा दिनानुदिन समस्या बढ्दै गएको छ । सरकारले सार्वजनिक ठाउँमा धुमपान गर्न बन्देज लगाए पनि त्यसको नियमन र नियन्त्रण हुन नसक्दा वरपर बस्नेलाई समेत असर पुग्ने गरेको छ । निषेधित क्षेत्रमा सुर्तीजन्य पदार्थको बिक्री वितरण तथा सेवन गर्नेलाई कानुनी कारबाही गर्नु आवश्यक छ । नियमनकारी निकायबाट आक्कलझुक्कल हुने सचेतनामूलक कार्यक्रम र अनुगमन प्रभावकारी हुन सकिरहेको छैन । निषेधित क्षेत्रमा सुर्तीजन्य पदार्थको बिक्री वितरणमा रोक लगाउनुको विकल्प छैन । निषेधित क्षेत्रमा सुर्तीजन्य पदार्थ बिक्री वितरण नियमन गर्नुका साथै सेवन गर्नेलाई पनि कानुनबमोजिम कारवाही गर्नु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : रोजगारीका क्षेत्रमा कठिन परिश्रम गर्नुपर्ला । |
| वृष | : नसा सम्बन्धी समस्या योगले सताउने छ । |
| मिथुन | : स्वास्थ्य समस्या योग बन्ने समय देखिन्छ । |
| कर्कट | : चोटपटकको भय र साँझेदारी कामबाट हानी । |
| सिंह | : काममा आलस्यता बढ्ने समय योग रहेको छ । |
| कन्या | : दाम्पत्य जीवनमा उतारचढाप आउने समय छ । |
| तुला | : स्वास्थ्य क्षेत्रमा सुधार आउने योग छ । |
| वृश्चिक | : शैक्षिक क्षेत्रका काममा नैराश्यता बढ्ला । |
| धनु | : न्यायिक क्षेत्रमा सफलता प्राप्त हुने समय योग छ । |
| मकर | : दुर्घटना योग रहेकाले सावधानी अपनाउनु पर्ला । |
| कुम्भ | : व्यापार- व्यवसाय मध्यमकारक रहने समय योग छ । |
| मीन | : कामकाजमा बाधा व्यवधान आउने योग छ । |

# आन्तरिक पर्यटन यात्राले सिकाएका सडक सुरक्षाका पाठ



✍भगवती सेँढाई



व्यस्त जीवनमा पारिवारिक यात्रा भन्ने वित्तिकै मन रोमाञ्चित हुन्छ । एक सडक सुरक्षाको अध्येताको हिसाबले जब सडक यात्राको बारेमा योजना बनाइन्छ, तब सडक सुरक्षालाई पनि जोडेर हेरिनेरहेछ ।

आफ्नो यात्राभर सुरक्षाका उपायहरु अपनाएर यात्रा गरे दुर्घटनाको जोखिम कम हुन्छ । यही तथ्यलाई आधार मान्दै उत्सुकताका साथ स-परिवार काठमाडौंबाट नेपाल र चीनको नाका कोरलासम्मको आन्तरिक पर्यटक बनेर एक साताव्यापी अविस्मरणीय यात्राका क्रममा अनुभव र अनुभूति समेटेर यो आलेख तयार गरेकी छु ।

हाम्रो यात्रा काठमाडौंबाट पर्यटकीय बसबाट गर्ने निधो गरियो किनभने यी बसहरु सडक दुर्घटनाको हिसाबले बढी सुरक्षित मानिन्छन् । काठमाडौंबाट उत्साहित हुँदै वातानुकूलित सुविधा (ए.सी.) भएको बसबाट यात्रा गरिरहँदा यात्रामा मुग्लिन नपुग्दै नराम्रोसँग ठेस लाग्न पुग्यो ।

धुलाम्मे खाल्डाखुल्डी बाटोमा जेठ महिनाको उखरमाउलो गर्मीमा पनि चालकले सकेसम्म सुरक्षाका उपायहरु लगाएर बस चलाएको देख्दा मनमनैबाट चालकमाथि धेरै श्रद्धा जागेर आयो । तर चालक कक्षमा भने चालकलाई निद्रा लाग्छ भनेर एसी सुविधा रहेनछ ।

धुलाम्मे सडकमा पनि झ्याल खोलेर बस चलाउन ड्राइभर बाध्य थिए । बाटोमा उडेको धुलोले चालक मुग्लिनबाट डुम्रेसम्म पुग्दा चिन्न नसकिने भइसकेका थिए । उनको कालो रङ्गको टिसर्टले खैरो रुप लिइसकेको थियो । यात्रु बस्ने कक्षमा भने एसी खोलेका कारणले झ्यालहरु बन्द थिए र त्यति धुलो पसेको थिएन ।

आफूलाई धुलोले त्यति नसिंगारे पनि अन्य सवारी साधनका यात्रुहरुको अवस्था देख्दा मनमा धेरै प्रश्नहरु उब्जिए ।


चालकले सही तरिकाले साधन चलाएर मात्र सडक सुरक्षा हुँदैन । यसमा सडकको अवस्थाले महत्व राख्छ। सडक सुरक्षाबारे सोच्दासोच्दै सकुशल पोखरा पुगियो । मनमनै पशुपतिनाथसँग पुकारें, आगामी दिनमा यही सडकमा यात्रा गर्दा सडककै अवस्थाका कारणले दुर्घटनामा पर्नु नपरोस् । भगवान पुकार्नु बाहेक अरु विकल्प हामी यात्रुसँग के छ र ?

पोखराबाट माथिल्लो मुस्ताङसम्म यात्रा गर्न सार्वजनिक यातायात रोज्ने कि भाडाको गाडी ? हामीबीच केहीबेर गलफती चल्यो । हामीले बहसको क्रममा सडक सुरक्षा र खर्चलाई केन्द्रमा राख्यौं । सार्वजनिक बसबाट गएमा प्रतिव्यक्ति लगभग २५ सयमा पुगिनेरहेछ ।

सहज र सुरक्षित यात्राका लागि कुनै पनि सम्झौता नगरी पोखराबाट उपल्लो मुस्ताङको बाटोको बारेमा राम्रो ज्ञान

...बाँकी पृष्ठ ३ मा

# गुगल दर्ताको अर्थराजनीति : नेपाललाई कति फाइदा, कति बेफाइदा ?



✍कृष्ण शर्मा

गुगलबारे अधिकांशले सुने पनि धेरैलाई गुगलले कसरी काम गर्छ, थाहा नहुन सक्छ । गुगलजस्तो बहुराष्ट्रिय कम्पनीले उपलब्ध गराउने सेवाहरूले हाम्रो जीवन जिउने तरिकामा आमूल परिवर्तन गरेको छ । खोज इन्जिन होस् वा इमेल, क्लाउड सेवा होस् वा क्वान्टम – कम्प्युटिङ गुगलले डिजिटल परिदृश्यमा छोटो समयमै क्रान्तिकारी परिवर्तन ल्याएको छ । गुगलका उच्च पदस्थ अधिकारीका अनुसार गुगलले प्रविधिमा ल्याएको यस किसिमको परिवर्तनलाई मानव समाजले पनि अनपेक्षित रूपमा स्विकारेको छ ।

नेपालजस्तो विकासशील देशमा विश्वको यस्तो शक्तिशाली गुगल कम्पनी व्यापारिक फाइदाका लागि कर प्रणालीमा दर्ता भयो । त्यसपछि नेपालभित्र यस विषयमा चर्चा र बहस हुनु स्वाभाविक हो । गुगलले नेपालमा दर्ता गरेपछि धेरैले स्वागत गरेका छन् । यस्तै, नेपालको अर्थतन्त्र र विदेशी लगानीको सम्भावनाका लागि सकारात्मक सङ्केतका रूपमा धेरैले हेरेका छन् । केहीले भने नेपालको स्वदेशी विद्युतीय कारोबार तथा इन्टरनेटमा आधारित प्रविधिसम्बन्धी व्यवसायमा गुगलको उपस्थितिले निम्त्याउने जोखिमका बारेमा चासो व्यक्त गरेका छन् ।

अन्य राष्ट्रहरूको तुलनामा नेपाल कमजोर अर्थतन्त्र भएको विकासशील देश हो । यसको कुल गार्हस्थ्य उत्पादन विश्वमै कममध्ये पर्छ । जबकि गुगल संयुक्त राज्य अमेरिकामा स्थापित सूचना प्रविधिमा कार्यरत एक बहुराष्ट्रिय कम्पनी हो । जसको प्रभाव विश्वव्यापी छ । कमजोर अर्थतन्त्र, अस्थिर राजनीति र स्थिर व्यापारिक वातावरणको अभाव आदिजस्ता कारण नेपालले उल्लेख्य मात्रामा विदेशी लगानी आकर्षण गर्न सकेको छैन । यी विषयमा तुलनात्मक सुधार नहुँदा नै गुगलको नेपालमा आगमन असहज रुपमा पनि हेरिएको छ । गुगलविरुद्धका समसामयिक घटना क्रमले पनि यस असहजतालाई थप मजबुत बनाएको छ । भारतको प्रतिस्पर्धा नियामकले गुगललाई प्रतिस्पर्धाविरोधी अभ्यासका लागि २०२२ अक्टोबरमा ९ अर्ब भारतीय रुपैयाँ जरिवाना सुनाएको थियो । यस निर्णयको एक हप्ताअघि मात्र पनि भारतले गुगललाई १३ अर्ब भारतीय रुपैयाँ जरिवाना गरेको थियो । यति मात्र होइन, उही प्रकृतिको मुद्दामा गुगललाई युरोपियन युनियनले पनि सन् २०१८ मा लगभग ५ बिलियन अमेरिकन डलर तिराएको थियो ।

नेपालमा बहुराष्ट्रिय कम्पनीको सूचना प्रविधि, विद्युतीय कारोबार तथा व्यवसायलाई नियमन गर्ने ऐन तथा नियमको कमी छ । यस्तो अभाव गुगलका लागि अवसर हो भने नेपालका लागि ठूलो चुनौती ।

गुगलको पछिल्लो वित्तीय प्रतिवेदन अनुसार सन् २०२३ को पहिलो त्रैमासिकमा कम्पनीको आम्दानी करिब ६९ बिलियन अमेरिकी डलर छ । यसलाई नेपालको कुल गार्हस्थ्य उत्पादनसँग तुलना गरेर हेरौं । नेपालको आर्थिक वर्ष २०७८ र ७९ को कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ४८ खर्ब ५१ अर्ब रुपैयाँ थियो । यस्तो अपार आर्थिक शक्ति र प्रभाव भएको गुगलले नेपालको कमजोर पक्षहरूमा शक्ति प्रयोग गरी आफ्नो हितका लागि अवस्थामा परिवर्तन ल्याउन कोसिस गर्न सक्ने प्रबल सम्भावना रहन्छ । त्यसैले नेपालमा गुगलको दर्तालाई देश र जनताको हितमा हुने गरी अर्थराजनीतिक विश्लेषण गर्दै भविष्यको योजना बनाउन आवश्यक छ ।

हो, एकथरीले औंल्याएजस्तै नेपालमा गुगल दर्ता भएको प्रसंगलाई विदेशी लगानीको थप सम्भावनाको सङ्केत मान्न सकिन्छ । यसले डिजिटल पूर्वाधारको विकास, रोजगारी सिर्जनालगायत क्षेत्रमा आवश्यक विदेशी लगानी भित्र्याउन योगदान पुऱ्याउन सक्छ । नेपालको प्राविधिक क्षेत्रमा थप लगानी ल्याउन र सम्भावित आर्थिक वृद्धि उक्सान सक्छ ।

नेपालमा गुगलको उपस्थितिसँगै नेपाली प्रयोगकर्ताले गुगल खोज, गुगल नक्सा, गुगल ड्राइभ, गुगल क्लास रुम लगायत गुगलका थप सेवामा अझ राम्रो पहुँच पाउन सक्छन् । साथै अहिलेसम्म प्रयोग गर्न नपाएका कतिपय सुविधा उपभोग गर्न पाउने छन् । जस्तैः गुगल पे । गुगलका सेवाहरुमा साना व्यवसायलाई फराकिलो तथा विश्व बजारका ग्राहकसम्म पुग्न मद्दत गर्ने क्षमता छ । यो नेपाली व्यवसायका लागि विशेष रुपमा लाभदायक हुन सक्छ । साना व्यवसायीका लागि आफ्नो पहुँच विस्तार गर्न र आफ्नो व्यवसाय सञ्चालनमा सुधार ल्याउन गुगलका सेवाहरु सहायक हुन सक्छन् ।

गुगलले आगामी दिनमा नेपाली प्रयोगकर्तालाई अझ राम्रो सेवा दिन आफ्ना उत्पादन र सेवालाई स्थानीयकरण गर्न सक्छ । आफ्ना उत्पादनलाई नेपालीमा अनुवाद गर्ने, स्थानीयकृत सामग्री उपलब्ध गराउने र नेपाली प्रयोगकर्ताको आवश्यकताअनुसार आफ्ना सेवा मिलाउने काम हुन सक्छन् । समग्रमा नेपालीको जीवन अझै प्रविधिमैत्री वा प्रविधिमा निर्भर हुने सहजै अनुमान गर्न सकिन्छ । यसले अन्तर्राष्ट्रिय बजारसँग नेपालको अर्थतन्त्रलाई जोड्ने सम्भावना पनि बढाउँछ ।

यस्ता सकारात्मक पक्षबाट उत्साहित भइरहँदा सचेत हुनुपर्ने पाटा पनि छन् । गुगल एक व्यापारिक कम्पनी हो । आफ्नो व्यवसाय वृद्धि गर्न नेपाल आएको छ । यसले आफ्नो व्यवसायमार्फत नेपालको पुँजी आफूतर्फ तान्ने प्रबल सम्भावना छ । यस कारण पुँजीको स्थानान्तरणसँग प्रविधिको क्षेत्रमा समेत नेपाल बहुराष्ट्रिय निगमको शक्ति र प्रभावमा पर्नेछ । नेपाललाई सदैव विकसित राज्यहरुको घेराभन्दा बाहिर राखी शोषण गर्न सक्छ । यस्तो अपार शक्ति र प्रभाव भएको गुगलले देशको कमजोर नियामक वातावरण र श्रम कानुनको फाइदा उठाउन सक्छ । विशेष परिस्थितिमा नेपालको आर्थिक तथा राजनीतिक स्थितिलाई निश्चित गति दिन आफ्नो शक्तिलाई प्रभावशाली बनाउन सक्छ ।

नेपालको डिजिटल सार्वभौमसत्तामा गुगलको प्रभावशाली उपस्थिति हुनेछ । विश्वव्यापी रुपमै प्रभाव कायम गरेको गुगल यहाँको स्थानीय कम्पनीहरु जस्तै नेपालको ऐन-नियम र निरीक्षणको अधीनमा नबस्न सक्छ । गुगलले आफ्नो फाइदाका लागि नेपालको डिजिटल परिदृश्यमै प्रभुत्व जमाउने आकलन गर्न गाह्रो छैन ।

गुगलका कतिपय सेवा-सुविधा केही हदसम्म निःशुल्क छन् । नेपालका स्थानीय व्यवसायलाई यसले ठूलै चुनौती दिन सक्छ । स्थानीय व्यवसाय गुगलले सिर्जना गर्ने चुनौती सामना गर्न नसकेर बन्द हुन सक्छन् । यसै पनि साना व्यवसायसँग विज्ञापन र मार्केटिङ सेवाका लागि सीमित स्रोत हुन्छन् । विश्वकै चौथो ठूलो कम्पनी गुगलसँग प्रतिस्पर्धा गर्न नै सक्दैनन् । नेपालमा लामो समयदेखि संघर्ष गरेर स्थापित भइरहेका सूचना प्रविधिसँग सम्बन्धित अनेकौं कम्पनीको अस्तित्व नै संकटमा पर्न सक्छ ।

आगामी मार्गदर्शन सहज छैन । सूचना प्रविधिको यस युगमा नेपाल सरकारले डिजिटल पूर्वाधारको विकासमा लगानी गर्नु जरुरी छ । सबै नेपाली नागरिकको इन्टरनेटमा पहुँच सुनिश्चित गर्न ब्रोडब्यान्ड र अन्य डिजिटल पूर्वाधारमा लगानी अत्यावश्यक छ । यी सरोकारलाई सम्बोधन गर्न नियम-कानुनको क्षेत्रमा समेत गुगलले काम गर्ने निश्चित छ । त्यसैले नेपाल सरकारले बलियो नियामक संयन्त्र बनाउन जरुरी छ । साथै नेपालका स्थानीय व्यवसायलाई सुरक्षित राख्ने उपाय समावेश गर्न उत्तिकै महत्वपूर्ण छ । साना व्यवसायी गुगलले लिन सक्ने अनुचित फाइदाबाट बेफाइदामा नपर्ने वातावरण सुनिश्चित बनाइनुपर्छ ।

यस परिप्रेक्ष्यमा वर्तमान अर्थतन्त्र, सूचना प्रविधि, विद्युतीय कारोबार तथा इन्टरनेटसम्बन्धी व्यवसायलाई नियमन गर्ने ऐन-नियम आफैंमा महत्वपूर्ण क्षेत्र हुनेछ । विद्युतीय प्रविधिसम्बन्धी कानुनको अध्ययन तथा विश्लेषणले आवश्यकता बढ्नेछ । यसका लागि नेपाल सरकारको सम्बन्धित निकाय, सरोकारवालाहरू र सार्वजनिक वृत्तमा घनीभूत छलफल चाहिन्छ । सामूहिक हितमा निर्णय गर्न यस्तो अभ्यास टड्कारो छ । अहिले यी पक्षबारे व्यापक संवाद भइरहेको पाइँदैन ।

अन्तमा, नेपालमा गुगलको दर्ताले देशको अर्थतन्त्रमा महत्वपूर्ण फाइदा पुऱ्याउने सम्भावना भए पनि चुनौती मनग्गे छन् । देशको ऐन-कानुनको प्रश्न होस् वा स्थानीय व्यवसायलाई असर पर्ने मुद्दा सरकार सामु ठूलै नीतिगत सवालहरु आइपरेका छन् । नेपालले आफ्नो अर्थतन्त्र र डिजिटल सार्वभौमसत्ताको रक्षा गर्दै गुगलको उपस्थितिबाट फाइदा लिन समेत यी पक्षलाई ध्यान दिनैपर्छ ।

(लेखक समाजशास्त्र विषयमा एमफिल गर्दै छन् । स्रोतः रातोपाटी)

# तत्कालै सूचना दिन सकेमा भने तत्काल उद्धार गर्न सक्छौं

यतिबेला मध्य वर्षाको समय छ । केही दिनयता भारी वर्षासँगै प्राकृतिक विपत्ति समेत झेल्नुपरेको अवस्था छ । भारी वर्षाका कारण बाढी, पहिरो जस्ता जोखिम बढेको छ । प्राकृतिक विपत्तिले जनधनको क्षति पुऱ्याएको छ । सरकार र सरोकारवालाले प्राकृतिक विपत्ति अघि जोखिम न्यूनीकरण र सचेतनाको काममा ध्यान नदिँदा जनधनको क्षति व्यहोर्न बाध्य हुनुपरेको पृष्ठभूमिमा मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मासँग प्राकृतिक विपत्तिको जोखिम र त्यसबाट बच्न अपनाइने सतर्कता र पीडितको उद्दार र राहतको विषयमा समृद्ध समाज दैनिकका संवाददाता रविन्द्र वाईबाले गर्नुभएको कुराकानी:



**नेत्रप्रसाद शर्मा**
**सहायक प्रजिअ मकवानपुर**

*समाजः सोमबारदेखि आएको भारी वर्षाका कारण मकवानपुर जिल्ला पनि प्रभावित भएको छ । वर्षाका कारण सडक अवरोधको अवस्था कस्तो छ, यसलाई तपाईले कसरी हेर्नुभएको छ ?*

**शर्मा**: जिल्ला भित्र अविरल वर्षाका कारण सडक सञ्जालहरु अवरोध भएसँगै नागरिकको धनजनको क्षति भएको छ । यो पक्कै पनि दु:खको विषय हो । तर यसलाई हामीले कसरी न्यूनीकरण गर्न सक्छौं भन्ने विचार गर्नुपर्छ । घटना स्वभाविक जस्तो लागे पनि यस्तो घटना फेरी आउन सक्ने भएकाले विपत्‌सँग जुध्नका लागि स्थानीय सरकार थप जिम्मेवार भएर अगाडि बढ्नुपर्छ ।

*समाजः थप बाढी, पहिरोबाट निम्तिन सक्ने विपद्‌को सामनाका लागि पूर्व तयारी के छ ?*

**शर्मा**: विपत् प्रतिकार्यका लागि एक व्यक्ति वा संस्था लागेर मात्रै सम्भव छैन । वर्षात्‌को समयमा विपत्‌को हामी सबैले आँकलन गरेकै हो । हामीले वर्षात्‌को विपद् र हिउँदको बेलाको विपद्‌को बारेमा वर्षैभरि तयारी गऱ्यौं, जसले गर्दा विपत्‌सँग जुध्न सहज भइरहेको छ । विपत्‌जन्य घटनाबाट नागरिकको सुरक्षाका लागि जिल्लाको सुरक्षाकर्मी, प्रहरी, नेपाली सेनासँग समन्वय, सहकार्य गर्न हामी तयार छौं । त्यससँगै स्थानीय तहसँग यी-यी सामग्रीको आवश्यक छ । ती सामग्रीको व्यवस्थापन गर्न हामीले जिल्ला विपत् व्यवस्थापन कार्यालयको निर्णयबाट अनुरोध गरेका छौं । स्थानीय तहहरुले पनि आवश्यक सामग्रीको व्यवस्था गरिसकेका छन् ।

*समाजः विपत्‌को घटना घटिहालेमा उद्धारका लागि जनशक्ति र स्रोत साधनको अवस्था के छ ?*

**शर्मा**: हामीसँग जनशक्ति पुग्दो नै छ । बागमती गाउँपालिकामा मंगलबार सबहान ४ बजे भएको घटनामा दुई घण्टापाछि हामीलाई जानकारी आयो । घटनास्थलबाट नागरिकले समयमै सचेत भएर तत्कालै सूचना दिन सकेमा भने तत्काल उद्दार गर्न सक्छौं । त्यस्तो विपद्‌को संकेत पाउनासाथै सर्वसाधारण पनि सतर्क रहनुपर्छ । स्थानीय बासिन्दा र जनप्रतिनिधिहरुले यथाशिघ्र सम्बन्धित निकायमा सूचना उपलब्घ गराइहाल्नु पर्छ ।

*समाजः दुर्घटना भइहालेमा मानिसहरुको उद्धार र उपचार कसरी हुन्छ ?*

**शर्मा**: दुर्घटना हुनसक्छ तर यसको न्युनीकरण तिर लाग्नुपर्छ । दुर्घटना भयो भनेर सधै राहत् बाँडेर मात्र हुँदैन । यसका लागि सडक विस्तार, मानवीय क्रियाकलापहरु र विकासका कामहरु वातावरणमैत्री गर्नुपर्छ । सामान्य विपद्‌जन्य घटनामा घरको क्षति भएमा जिल्ला विपद् व्यवस्थापन कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट प्रभावित घरको अल्पकालीन राहत्‌का लागि १५ हजारदेखि २० हजार रुपियाँसम्मको राहत्‌को व्यवस्था रहेको छ । धनजनको क्षति छ भनेर स्थानीय तहले आँकलन गरेको खण्डमा उसलाई स्थानान्तरण गर्नेसम्मको व्यवस्था हामीसँग छ ।

## आन्तरिक पर्यटन यात्रालें...

भएका चालकले चलाएको स्कर्पियो गाडीमा फेवाताल नजिकबाट हाम्रो यात्रा सुरु भयो ।

पोखराको भाइरल बाग्लुङ सडक खण्ड पुग्नेबित्तिकै चालकले भने, 'मैले यो सडकमा १८० किलोमिटर प्रतिघन्टाको गतिमा चलाएको थिएँ । त्यति स्पीडमा चलाउँदा यो गाडी त थर्रर हल्लियो ।'

उनले गाडी हल्लिएको कुरा गरिरहँदा मेरो भने मुटु हल्लिरहेको थियो । मैले विस्तारै चालकसँग कुरा गर्न थालें । आफूलाई सडक सुरक्षामा कार्यरत व्यक्तिको रुपमा चिनाएँ । ६० किलोमिटर प्रति घण्टाभन्दा बढी गतिमा नचलाउन विनम्र अनुरोध गरें । चालक सकारात्मक नै देखिए । तर पनि डर एकनास लागिरहेको थियो, धन्न अरुले भनेको सल्लाह मान्ने चालक रहेछन् र हाम्रो स्कर्पियो गाडी कम गतिमै अगाडि बढ्यो ।

हाम्रो चालक त ठिक्कको गतिमा दौडिए । तर अरु सवारी साधन हामीलाई ओभरटेक गर्दै हुत्तिइरहेका थिए । उनीहरुले डरलाग्दो गरी सवारी चलाउँदा हाम्रो रोमाञ्चक यात्रा बिथोलिइरहेको थियो ।

मेरो डर र शंकाले कागबेनी नजिकै पुग्दासम्म सही रुप लिइसकेको थियो । हामीलाई ओभरटेक गर्ने गाडी र विपरीत दिशाबाट आएको गाडीहरु ठोक्किएर नराम्रो दुर्घटना भइसकेछ ।

दुर्घटनाको कारण थियो- तीव्र गति । सानो गल्तीको ठूलो परिणाम भोग्नुपऱ्यो ।

सचेत हुनुपर्ने र गराउनुपर्ने काम नै यही थियो । सडक खराब हुनु एउटा कुरा हो र त्यसमाथि प्रतिस्पर्धाको सोच थप खराब र घातक बन्यो ।

बाटो काट्दै जाँदा डाँडाकाँडाको रमणीय भूबनोट, एक आधा घण्टाको अन्तरालमा देखिने परिवर्तित प्राकृतिक स्वरुपयुक्त सुन्दर नेपालको बनोटले हामीलाई पुलकित पार्दै थियो । ठाउँठाउँमा पहिले नै दुर्घटना भएर कच्याककुचुक परेर थन्किएका सवारी साधनले हाम्रो यात्राको रोमाञ्चकतालाई बिथोलिरह्यो ।

बाटोमा बिग्रेका गाडीहरुलाई केही चालकहरुले गाडी मुनि छिरेर बनाइरहेका देखिए । कोही गाडी मेकानिक्स नपाएर अघिल्लो दिनदेखि बीच बाटोमा अलपत्र थिए । हामी चढेको गाडीको पनि बाटोमा ब्रेक फेल भयो । तीन घण्टा पछि मेकानिक्स आए । जेनतेन मर्मत गरेर अगाडि बढियो ।

सडक सुरक्षाबारे सयौं पटक उठाएको नियमित सवारी साधनको यान्त्रिक जाँच र अटोल्यान्डको अवधारणाको औचित्य पुष्टि भएको भान भयो ।

पोखराबाट कोरला नाकासम्म पुग्दा बाटोमा रहेका ठूला ठूला ढुंगाहरुलाई यात्रु र चालक मिलेर हटाउँदै अगाडि बढियो । हाम्रो एकतर्फी यात्रा दुई दिनमा तय भएको थियो । फर्किंदै गर्दा एकजना प्रहरीको उपल्लो दर्जाको व्यक्ति सवारी भएको देख्ने मौका मिल्यो । तर अचम्मको कुरा उहाँको सवारी हुने भएकाले त्यहाँको बाटोमा रहेका ठूला ठूला ढुंगाहरु पन्छाइसकिएको र खाल्डाहरु पनि पुरिएका रहेछन् ।

सोचें, विशिष्ट मानिएका व्यक्तिको यात्रामा सहजताका लागि यति धेरै ख्याल गरिंदो रहेछ त । यसरी नै सर्वसाधारणको यात्रालाई पनि सहज बनाइँदो हो त हामी सबैले हाम्रा दुर्गम सडकमा पनि सहज र सुरक्षित यात्राको अनुभव गर्न सक्नेथियौं ।

चार दिन अगाडि बिहानको झिसमिसेमा फेवाताल नजिकबाट सुरु गरिएको हाम्रो यात्रा चौथो दिनको बेलुका साढे सात बजे उही भाइरल सडकमा आइपुग्यो । हामीले भाइरल सडक हेऱ्यौं । यहाँ त सामान्य सडक सुरक्षा मापदण्ड पनि पूरा गरिएको रहेनछ ।

सडकमा रहेका सिमेन्टका मिडियनहरुमा रिफ्लेक्टरहरुको उचित प्रयोग भएको रहेनछ । हाम्रो चालकले भने अनुसार त्यसैका कारण बेलुकाको समयमा चालकहरुले मिडियन देख्दैनन् र त्यसैमा ठोक्किन्छ । यसैको कारण कैयौं डरलाग्दा दुर्घटना पनि भइसकेका रहेछन् यहाँ ।

यात्राका क्रममा धेरै पाठ सिकियो । तर केही पाठ र अनुभव विशेष रहे ।

हाम्रा सडकमा रहेका खाल्डाखुल्डी उचित समयमा मर्मत गरेमा उक्त खाल्डाखुल्डीहरुले ठूलो रुप लिन पाउँदैनन् । सडकको आयु लामो बनाउन सकिन्छ । जसको फलस्वरुप आर्थिक भार पनि कम हुन्छ ।

बाटोमा रहेका नालाहरुको उचित ख्याल गरी सफा गरेमा पनि सडकको आयु लम्ब्याउन सकिन्छ ।

लामो दूरीका गाडीहरु यात्रामा निस्कँदा अनिवार्य यान्त्रिक जाँच गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

लामो दूरीको बाटो निर्माण गर्ने बेलामा नै सवारी साधनको मर्मत गर्ने स्थानको निर्क्योल गरी गाडी मर्मत गर्ने स्थानहरु अनिवार्य रुपमा स्थापना गर्नुपर्दछ ।

सवारी चालकलाई सडक सुरक्षाको बारेमा सचेत गराउनका लागि ठाउँ-ठाउँमा अनुगमन संयन्त्रको विशेष व्यवस्था मिलाउनुपर्छ । हामीले सुरक्षित सडक निर्माणमा विशेष ध्यान दिनुपर्छ । कहिल्यै नभुलौं- सडक सञ्जालले गन्तव्यलाई जोड्ने मात्रै होइन, सुरक्षित पुऱ्याउनु पनि पर्छ । सार्वजनिक यातायातको उचित व्यवस्था गर्ने हो भने हाम्रो पर्यटन उद्योगमा धेरै टेवा पुग्छ ।

सार्वजनिक बसहरुमा एक यात्रुका हैसियतले चालकलाई सुरक्षित गति र तरिकाले चलाउन अनुरोध गर्ने अवस्था त छैन तर निजी प्रयोगका लागि चर्को रकम तिरेर भाडामा लिएको गाडीको चालकलाई राम्रो तरिकाले सम्झाएर सुरक्षित किसिमले यात्रा गरौं भनेर अभिप्रेरित गर्न सके पनि धेरैको यात्रा सुरक्षित हुनसक्छ ।

त्यसको उल्टो अत्यधिक गतिमा चलाएर अरुलाई ओभरटेक गर्न चालकलाई उक्साउने यात्रुहरु दुर्घटनामा परेको स्वयंले देखेको कुरा हो ।

यात्रा जति रोमाञ्चक भए पनि त्यही रोमाञ्चकतामा त्रास थपिएपछि यात्रा गर्नुको कुनै मजा बाँकी रहन्न । जीवन रहे न यात्रा सुखद हुने हो । जीवनै रहेन भने केको यात्रा ? नीति, नियम र सरकारी संयन्त्रले गर्ने-गराउने काम जति छन् त्यति नै महत्वपूर्ण छन् हाम्रा आफ्नै सतर्कता पनि । आफू पनि सतर्क बनौं । विस्तारै गए अवश्य पुगिन्छ हतार गरे भन्न सकिन्न ।

यात्रु भएर मीठो बोलौं र चालकलाई भनौं- दाइ घरमा को को छन् ? के गर्छन् ? चालक पनि मान्छे हो । उसलाई यात्रुको रुपमा आफैंले हैरानी दिएर होइन प्रेमले आनन्द दिएर मजाले यात्रा गरौं । यसबाट पनि गन्तव्य धेरै हदसम्म सुरक्षित हुन सक्छ । जहाँ जाँदै हुनुहुन्छ शुभयात्रा !

(स्रोत: अनलाईखबर)

# नमूना प्रगतिको वार्षिकोत्सव मामाघरमा

समाज संवाददाता

हेटौंडा: हेटौंडा-२ स्थित नमुना प्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेडले संस्थाको २६ औं स्थापना दिवस हेटौंडा-११ स्थित मामाघर नेपालमा मनाएको छ । बुधबार मामाघर नेपाललाई ११ हजार १ सय ११ रुपैयाँ नगद सहयोग गरेर संस्थाले आफ्नो स्थापना दिवस मनाएको हो ।

संस्थाका व्यवस्थापक बद्री भण्डारीले संस्थाको प्रगति विवरण प्रस्तुत गर्नुभयो । संस्थाको अहिले ३७ करोड सम्पत्ति रहेको उहाँले बताउनुभयो । २ हजार ६ सय २ जना शेयर सदस्य रहेको संस्थाको अहिले २ करोड ८७ लाख शेयर पुँजी रहेको भण्डारीले बताउनुभयो । यस्तै २९ करोडभन्दा बढी ऋण लगानी र २८ करोडभन्दा बढी बचत रहेको उहाँले बताउनुभयो । गत आर्थिक वर्षमा संस्थाले १ करोड ३१ लख नाफा कमाउन सफल भएको छ ।

संस्थाका अध्यक्ष मिठाराम दाहालको सभाध्यक्षता तथा बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी अध्यक्ष कल्पना श्रेष्ठ र राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाका प्रवन्धक रामेश्वर अर्यालगायतको उपस्थिति रहेको थियो ।

# गोलभैंडा केही सस्तियो

समाज संवाददाता

हेटौंडा: हेटौंडामा गोलभेडाको थोक मूल्य प्रतिकेजी १ सय १३ रुपैयाँमा झरेको छ । गोलभेडाको उपभोक्ता मूल्य भने १ सय ३० रुपैयाँदेखि १ सय ५० रुपैयाँसम्म भइरहेको हेटौंडा-१ राप्तीबगर स्थित तरकारी व्यवसायी दिवाकर चौलागाईंले जानकारी दिनुभएको हो । केही दिन अगाडि गोलभेडा प्रतिकेजी १ सय ५० रुपैयाँमा बिक्री भइरहेको थियो ।

गोलभेडा काठमाडौंबाट ल्याएर देशको विभिन्न ठाउँमा पठाउने गरेको छ । गोलभेडा अहिले धेरै भएसँगै मूल्य घटेको चौलागाईंले बताउनुभयो । यसैगरी लोकल काँक्रो प्रतिकेजी ५० रुपैयाँ, हाइब्रिड काँक्रो प्रतिकेजी ३० रुपैयाँ, मुला प्रतिकेजी ५० रुपैयाँ, लौका प्रतिकेजी ४० रुपैयाँ, भिन्डी प्रतिकेजी ५० रुपैयाँ, घिरौंला प्रतिकेजी ३० रुपैयाँमा विक्री भइरहेको छ ।

यस्तै घिउ सिमी प्रतिकेजी ६० रुपैयाँ, लोकल बोडी प्रतिकेजी ६५ रुपैयाँ, करेला प्रतिकेजी ६० रुपैयाँ, काउली प्रतिकेजी एक सय रुपैयाँ, बन्दा प्रतिकेजी २५ रुपैयाँ र फर्सी प्रतिकेजी ३० रुपैयाँमा बिक्री भइरहेको छ ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

**मोटरसाइकल हराएको सुचना**

**मिति २०८० साल साउन ४ गते दिउँसो करिब ३:३० बजेको समयमा रियज कुमार लामाको नाममा रहेको बा.प्र. ०३–००५ प ९५१ नम्बरको कालो रङ्गको २२० सिसिको पल्सर मोटरसाइकल (च्याचिस नम्बर** MD2A13EXXMCE9012, **इन्जिन नम्बर** DKXCME11649) **हेटौंडा –४ प्रतिभा नगरमा पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सुचना प्रकाशित गरिन्छ ।**

**सम्पर्क: ९७६१७००७१४**

श्री देवकी माध्यमिक विद्यालय (प्राबिधिक शिक्षालय)
बागमती गाउँपालिका -५, लिलादमार, ज्यामिरे,
*सूचना प्रकाशित मिति २०८०/०४/२५ गते*

**शिक्षक आवश्यकता**

प्रस्तुत बिषयमा बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८०/०४/२४ को च.नं १५० को प्राप्त शिक्षक नियुक्ति विज्ञापन अनुमतिपत्र अनुसार तथा पस विद्यालयको विद्यालप व्यवस्थापन समितिको मिति २०८०/०४/२५ को बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलको शिक्षक पदहरुमा पदपूर्ति गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपालि नागरिकबाट सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| क्रस | विज्ञापन नं. | पद श्रेणी विषय | पद संख्या | परीक्षा दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०२/०८००८१ | मावि द्वितीय सो सरह विषय: भौतिक विज्ञान | १(एक) | रु.२०००/- | मूल भौतिक विज्ञानमा Msc उतीर्ण गरेको |
| २ | ०३/०८०/०८१ | नि.मा.वि.राहत कोटा विषय: गणित | १(एक) | रु.१,५००/- | मूल विषय गणितमा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको वा सो सरह |

३. उमेर: १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
४. तलब सुबिधा: नेपाल सरकारको नियम अनुसार ।
५. छनौटको किसिम: लिखित, अन्तरर्वाता ।
६. दरखास्तको अन्तिम मिति: २०८०/०५/०७ गते अपरान्ह ४:०० बजे सम्म ।
७. सम्पर्क मिति: २०८०/०५/०८ गते ।
८. आवश्यक कागजातहरु: नागरिकताको प्रतिलिपि शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि अध्यापन अनुमति पत्रका
प्रमाणित प्रतिलिपिहरु र हस्तलिखित निवेदन ।
९. परीक्षा मिति: सम्पर्क मितिमा तोकिने छ ।
१०. भौतिक विज्ञान विषयको हकमा अध्यापन अनुमतिपत्र आवश्पक नपर्ने ।
**नोट**: दरखास्त सानिमा बैंकको खाता नं. ०६२०१००१००००१०७ मा शुल्क जम्मा गरी स्क्यान बैंक भौचर
ईमेल chandrathapa2027@gmail.com मार्फत पनि दिन सकिने छ ।

**अन्य जानकारीका लागि मो.न. प्र.अ. ९८४५६८७९९९ स.प्र.अ. ९८४६८७२६१८ वि.व्य.स. ९८४५५३९७३० वा विद्यालयमा सम्पर्क गर्न सकिने छ ।**

**लम्पी स्कीनबारे सचेतनामुलक सूचना**

**रोग सर्ने तरिका**
यो रोग खास गरी arthropod vector बाट सर्ने गर्दछ ।
संक्रमित प्रजनन योग्य सांढेको विर्यबाट पनि यो रोग सर्न सक्दछ ।
संक्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट पनि यो रोग सर्न सक्छ ।

**लक्षणहरू**
ज्वरो आउने (४१ डिग्री सेन्टीग्रेड भन्दा माथि)
झोक्राउने, दाना पानी नखाने तथा दुब्लाउने
दुहुनो गाई भैंसीको दूध २५ देखी ८० प्रतिशतले घटन सक्ने,
सतही लिम्फ ग्रन्थी ठुलो हुने,
शरीरका विभिन्न भागहरु जस्तै घाँटी, खुट्टा, फाँचो, यौन अगंहरु वरपर र छालाको विभिन्न भागमा गिर्खा बन्ने
खुट्टा सुनिने र खुट्टाको गिर्खाले गर्दा पशुहरु हिँडडुल गर्न गाह्रो हुने
उपचार, रोकथाम, नियन्त्रण
**यस रोगको कुनै ठोस उपचार छैन । प्रविधिकको सल्लाहमा लक्षण अनुसार औषधीहरू** (antibiotic, antipyretic, and anti inflamatory) **दिन सकिन्छ ।**
नेपालमा हालसम्म यस रोगको विरुद्धको खोप प्रयोग गरिएको छैन ।
रोगको लक्षण देखिएको खण्डमा पशु चिकित्सक, प्रविधिकहरुसँग तुरुन्त परामर्श लिने ।
यस रोगको रोकथामको लागि रोगी पशुहरुको आवत जावत र ओसारपसारमा रोक लगाउने रोगी पशुहरुलाई अलग राखी उपचार गर्ने
रोग सार्ने लामखुट्टे, भाले किर्ना तथा झिंगा आदिको नियन्त्रण गर्ने ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**हेटौंडा नेपाल**

**स्वादिष्ट नेवारी खाजा**



अब



होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# लम्पी स्कीन नियन्त्रणका लागि सप्ताहव्यापी कार्यक्रम



समाज संवाददाता

हेटौँडाः पशुबस्तुमा लाग्ने रोग लम्पी स्कीनलाई नियन्त्रण गर्न बागमती प्रदेश सरकारले सप्ताहव्यापी कार्यक्रम गर्दैछ। बुधबार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पत्रकार सम्मेलन गर्दै पशुमा लाग्ने रोग लम्पी स्कीन नियन्त्रणका लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन गर्न लागेको जानकारी दिएको छ।

पशुमा लाग्ने यो रोग भाइरसको रुपमा फैलिँदै गएको छ। बागमती प्रदेशमा १० लाख ९९ हजार ५ सय ६० गाई र ८ लाख ९६ हजार २ सय १३ वटा भैंसी रहेको उल्लेख गर्दै मन्त्रालयले सप्ताहव्यापी खोप अभियानमा ५० हजार पशुमा खोप लगाउने लक्ष्य राखेको छ। मन्त्रालयले लम्पी स्किन रोग नियन्त्रण कार्यक्रमका लागि ७५ लाख बजेट बिनियोजन गरेको छ। प्रदेशमा गत पौष महिनामा मकवानपुरको मकवानपुरगढी गउँपालिकामा यो रोगको संक्रमण पाइएकोमा हाल १३ वटै जिल्लामा संक्रमण फैलिसकेको छ। प्रदेश भरमा रोगबाट २ लाख ४ हजार ९ सय ८८ पशु प्रभावित भएका छन् भने ६ हजार २ सय ९१ पशुको संक्रमणको कारण मृत्यु भएको छ। प्रदेशमा १ लाख ३२ हजार ९ सय पशुमा रोग विरुद्धको खोप लगाइएको मन्त्रालयले दावी गरेको छ। प्रदेशमा रोगको संक्रमणको कारण १०.२७ प्रतिशत पशु विरामी भएकोमा ३.१ प्रतिशत पशुको मृत्यु भएको छ।

खोप कार्यक्रम साउन २५ गतेदेखि ३१ गतेसम्म सञ्चालन हुनेछ। प्रदेश सरकारले एकै समयमा रोग नियन्त्रणका लागि ललितपुर, मकवानपुर, नुवाकोट, धादिङ, चितवन, दोलखा, काभ्रे र सिन्धुली गरी ८ जिल्लामा मात्र खोप अभियान सञ्चालन गर्ने जनाएको छ। संक्रमित पशुमा खोप लगाउँदा पशुमा खतरा बढ्ने भएकाले संक्रमण नभएको पशुमा खोप लागाउने मन्त्रालयले जनाएको छ। खोप अभियानका लागि प्रत्येक जिल्लाका स्थानीय तहहरुको समन्वयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत खोप कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयले जनाएको छ। प्रदेशका ९१ स्थानीय तहमा खोप कार्यक्रम सञ्चालन गर्न १ सय ४६ जना भ्याक्सिनेटर नियुक्त गरिसकेको छ। खोप अभियान पश्चात मन्त्रालयले खोप कार्यलाई निरन्तरता दिने जनाएको छ।

पशुको संख्याको आधारमा खोपको संख्या कम भएको भन्ने पत्रकारले राखेको प्रश्नको जवाफमा कृषि तथा पशुपन्छी विकासमन्त्री डा. राजेन्द्रमान श्रेष्ठले संक्रमित पशुमा खोप हानिकारक हुने भएकाले संक्रमित नभएको पशुमा खोप लगाउने जानकारी दिनुभयो। गर्मी महिनामा यो रोग बढी फैलने भएकाले खोपसँगै रोगबाट पशुलाई कसरी बचाउन सकिन्छ भनेर किसानलाई परामर्श दिइने उहाँले बताउनुभयो। लम्पी स्कीन रोग नियन्त्रणका लागि मन्त्रालयले चालेको कदम महत्वपूर्ण भएको मन्त्री श्रेष्ठले दावी गर्नुभयो। एक पटक खोप लगाएपछि एक वर्षसम्मका लागि हुने भएकाले खोप लगाउन नसक्दा धेरै क्षति पुगेको उहाँको भनाइ रहेको छ। मन्त्रालयले विभिन्न विविधताको कारणले गर्दा सबै ठाउँमा खोप लगाउन नसकिएको बताउनुभयो।

# प्याब्सनले बुझायो ध्यानाकर्षणपत्र



*मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउनुहुँदै प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी।*

समाज संवाददाता

हेटौँडाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)को बागमती प्रदेश र मकवानपुर जिल्ला समितिले संयुक्तरुपमा बुधबार ध्यानाकर्षणपत्र बुझाएको छ। बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, हेटौंडा उपमहानगर पालिकाकी मेयर मीना लामा र जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानलाई ध्यानाकर्षणपत्र बुझाएको हो।

प्याब्सन बागमती प्रदेशका अध्यक्ष केशवलाल श्रेष्ठले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक–२०८० सरोकारवालाका सुझावलाई बेवास्ता गरी तयार गरिएको भन्दै बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलाई ध्यानाकर्षणपत्र बुझाएको बताउनुभयो। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका तत्कालीन सचिव रामकृष्ण सुवेदीद्वारा हस्ताक्षरित विद्यमान शिक्षा ऐन–२०२८ लाई प्रतिस्थापन गर्न तयार गरिएको उक्त विधेयक निजी विद्यालयको हितमा नरहेको भन्दै ध्यानाकर्षणपत्र बुझाइएको हो।

विधेयकमा राखिएका कतिपय प्रावधानहरु निजी लगानीका संस्थागत विद्यालयहरुप्रति पूर्वाग्रहीमात्र नभएर संविधान विपरित, अव्यवहारिक र अन्यायपूर्णसमेत भएको बताइएको छ। हाल निजी तथा सार्वजनिक गुठीअन्तर्गत् सञ्चालित विद्यालयहरू नै समस्याग्रस्त रहेको र शैक्षिक गुठी दर्ता तथा सञ्चालन सम्बन्धमा स्पष्टता नभएको अवस्था विद्यमान रहेको कुरा ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ। प्रस्तावित विधेयकले ५ वर्षभित्रमा निजी लगानीका विद्यालयले आफ्नो सम्पूर्ण दायित्व फरफारक गरी शैक्षिक गुठीमा रुपान्तरित हुनुपर्नेलगायतका बाध्यात्मक प्रावधान समावेश गरिनु संविधानको भावनाविपरित, अव्यवहारिक र दुराशययुक्त रहेको स्पष्ट देखिने बताइएको छ।

निजी लगानीका विद्यालयको छाता संगठनको प्रतिनिधित्व हुनुपर्ने विभिन्न समिति तथा उपसमितिहरुमा समेत बेवास्ता गरी प्रस्ताव गरिएको विद्यमान विधेयक विभेदकारी हुनुका साथै अन्यायपूर्ण रहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। यथास्थितिमा विधेयक पारित भएमा निजी लगानीका विद्यालयहरुको वृद्धि, विकास, सुरक्षा, संरक्षण र सम्बर्द्धन, असम्भवमात्र नभई यस्ता विद्यालयहरु बन्द हुने निश्चितप्रायः भएको उहाँको भनाइ छ।

उक्त विधेयक संसादमा पेस हुनुअगावै निजी विद्यालय सरोकारका प्रावधानहरुको उचित सम्बोधन नभएमा देशैभर सञ्चालित निजी लगानीका विद्यालयहरु बन्द गरिने बताइएको छ। यस्तै, थप आन्दोलनका कार्यक्रमहरु घोषणा गर्नुबाहेक अन्य कुनै पनि विकल्प नरहने बताइएको छ। सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदासमेत कुनै ठोस निकास प्राप्त नभएको खण्डमा केन्द्रीय कार्यसमितिले आफ्ना माग पूरा नभए देशभर कम्पनी, निजी गुठी तथा सार्वजनिक गुठीअन्तर्गत् सञ्चालित विद्यालयहरु बन्द गरिने बताइएको हो।

ध्यानाकर्षणपत्र बुझ्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले उक्त विधेयक पास गर्न सरकारलाई अप्ठ्यारो पर्ने बताउनुभयो। क्षमताभन्दा बढी भार थप्ने प्रयास सरकारले गरेको उहाँको भनाइ छ। यस्तै, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सेढाईले ध्यानाकर्षणपत्र बुझ्नहुँदै विद्यालय शान्ति क्षेत्र भएकाले नराम्रो कदम चाल्न नहुने बताउनुभयो। अभिभावक र विद्यार्थी अधिकारका विषयलाई पनि मध्यनजर गर्दै विद्यालय बन्द गर्नेजस्ता कुराहरु उठान गर्न नहुने उहाँको भनाइ छ। प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले उक्त विषयमा ध्यानाकर्षण भएको भन्दै प्याब्सनको माग सम्बोधन गर्न आग्रह गर्नुभयो।

# अवैध सामान बरामद

समाज संवाददाता

हेटौँडाः पूर्वपश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले १ लाख २४ हजार बराबरको अवैध सामान बरामद गरेको छ। मंगलबार वीरगञ्जबाट आएको बस र ट्रकबाट अवैध समान बरामद गरेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

प्रहरीले ना ५ ख ५०६५ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसबाट हाफपाइन्ट ११ प्याकेट, सर्ट १२ पिस, टिसर्ट सानो/ठूलो ८५ पिस अवैध कपडा बरामद गरेको प्रहरीले जनाएको। सोही दिन विशेष सूचनाको आधारमा वीरगञ्जबाट हेटौंडा आउँदै गरेको ना ५ ख ३४४३ नम्बरको ट्रकलाई सुरक्षाजाँच गर्दा पिजामा हाल्ने चिज ३ कार्टुन, चिनी ६ बोरा, रेडबुल ९५ पिस, बिस्कुट २० प्याकेट र पापड २८ प्याकेट फेला पारेको थियो। अवैध सामान नियन्त्रणमा लिई बस र ट्रकलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ।

# २ जनालाई डेंगु

समाज संवाददाता


हेटौँडाः मकवानपुरमा २४ घण्टामा २ जनालाई डेंगु संक्रमण पुष्टि भएको छ। डेंगु हुने दुबै जना हेटौँडा उपमहानगर पालिका भित्रका बासिन्दा रहेका छन्। साउन महिनामा मकवानपुरमा बुधबारसम्म ४६ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ।

हेटौँडा उपमहानगरपालिका भित्र साउन महिनामा २० जना पुरुष र २२ जना महिलामा डेंगु देखिएको जनस्वास्थ्य निर्देशनालयका सार्वजनिक स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो। यस्तै, हेटौंडा अस्पतालमा बुधबार ९३ जनाले डेंगु जाँच गराएका थिए। जाँच गराएका ९३ जना मध्ये ४ जनामा डेंगु देखिएको छ। जसमध्ये एक महिला र तीन पुरुष रहेको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले जानकारी दिनुभयो।


गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि


## सादर आमन्त्रण

मेरो कान्छो छोरा प्रदिपमान सांगामीको श्रीमती स्व. सरिना सांगामीको मिति २०८० श्रावण १३ गते भएको असामयीक स्वर्गारोहणमा सागरमा पाल्नुहुने, हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्णमा तपशिलको मिति, समय र स्थानमा १३ औं दिनको पितृप्रसाद ग्रहणको लागि सादर आमन्त्रण गर्दछौं।

**कार्यक्रमः**
मिति : २०८० श्रावण २५ गते
स्थान : हेटौंडा-४, स्कुलरोड (मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. को भवन पछाडि)
समय : दिनको २:०० बजे

प्रार्थी
केशवमान सांगामी
एवम्
समस्त सांगामी परिवार
९८४५०२७६४२, ९८४५०५७३३३
९८४५०४६७५९

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः २०४०-०१-१०
स्वर्गारोहणः २०८०-०४-१३

## स्वः सरिना सांगामी

हाम्रो सांगामी परिवारको कान्छो छोरा प्रदिपमान सांगामीको धर्मपत्नी स्व. सरिना सांगामीको असामयीक तथा अकल्पनीय स्वर्गारोहण भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति सहानुभुति प्रकट गर्नुहुने सम्पूर्ण हितैषी, साथिभाई, इष्टमित्र, छरछिमेकी, आफन्तजन तथा विभिन्न संघसंस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं।

केशवमान सांगामी
(ससुरा बुबा)
तथा
सम्पूर्ण सांगामी परिवार
हेटौंडा-४, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ